## उपयोगी वेबसाइटहरु

सही रुटिन स्थापित गर्न सहयोगका लागि
booktrust.org.uk/bath-book-bed

ट्वाइलेट ट्रेनिङको बारेमा जानकारीका लागि
eric.org.uk

अर्ली यिअर्स फाउण्डेशन स्टेज (EYFS) र बाल विकास बारे जानकारीका लागि
foundationyears.org.uk



ह्याम्पशायरका एड्मिशनहरु बारे सुझावका लागि
hants.gov.uk/admissions

स्वास्थ्य जीवनशैली बारे जानकारीका लागि
nhs.uk/change4life

नर्सरी राईम र बालगीतहरुका लागि
wordsforlife.org.uk/songs
bbc.co.uk/cbeebies/curations/nursery-rhymes

स्थानीय पुस्तकालय बारे जानकारीका लागि
gov.uk/local-library-services

ह्याम्पशायरमा चाइल्डकेअर (बाल हेरचाह) र अर्ली इयर्स (शुरुवाती वर्षहरु) को जानकारीका लागि
hants.gov.uk/socialcareandhealth/childrenandfamilies

अर्ली इयर्समा बाइलिङ्गुअलिज्म (द्विभाषावाद) बारे सुझाव
literacytrust.org.uk/resources/understanding-bilingualism-early-years

केही बालबालिकालाई स्कुल जानको लागि थप सहायता आवश्यक पर्न सक्छ। यदि तपाईंको बच्चालाई विशेष समस्या छ र यस बारे तपाईं चिन्तित हुनुहुन्छ भने, आफ्नो बच्चाको सेटिङमा सम्पर्क गरी थप सुझावका लागि **fish.hants.gov.uk** मा जानुहोस्

सर्भिसेज फर यङ्ग चिल्ड्रेन एडभाइजरी टिमले ह्याम्पशायरका स्कुल, प्रिस्कुल, चाइल्डमाइण्डरहरु (सुसारे) र आमाबुवासँग मिलेर यो लिफलेट तयार बनाएका छन् - फेब्रुअरी २०१९

## बच्चाले स्कुल शुरु गर्नु अघि गर्न सकिने रमाइला १० वटा कुराहरु

तलका गतिविधि गरेर तपाईं हरेक पटक रमाउँदा दिइएका स्माइली फेस एउटामा रंग लगाउनुहोस्।

| | |
|---|---|
| हरेक हप्ता एउटा नयाँ बालगीत वा नर्सरी राइम सिक्ने | |
| हरेक दिन एउटा पुस्तकको कथामा छलफल गरेर रमाउने | |
| नियमित रुपमा पुस्तकालय जाने र घर लैजाने पुस्तकहरु छान्ने | |
| खाली बक्सहरुसँग खेल्ने - तपाईंका कल्पनाले तपाईंलाई कहाँ पुऱ्याउला? | |
| तपाईंले सँगै गर्न मन पराएका चिजहरुका चित्र बनाउने | |
| बाहिर हिड्न (Nature Walk) जाने - तपाईं के देख्न, सुन्न, छुन र सुँघ्न सक्नुहुन्छ ? | |
| स्थानीय पार्कमा डुल्ने - तपाईंले सँगसँगै के पत्ता लगाउनुहुन्छ ? | |
| आई स्पाई खेल्ने - कुन रंग, अंक र अक्षरहरु देख्न सक्नुहुन्छ ? | |
| पुराना र नयाँ साथीहरुसँग प्ले डेट खेल्नुहोस्। | |
| झोला वा शिशिहरुमा सामानहरु संकलन गरेर तिनलाई फेरि फेरि गन्ने | |

तपाईं अरु के संगसँगै गर्न मन पराउनुहुन्छ ?

तपाईंको बच्चाले स्कुल जानु अघि पढ्न, लेख्न र जोड्न जान्नु जरुरी छैन। बच्चाहरु विभिन्न खाले अनुभवहरुसँगै स्कुल शुरु गर्छन् र शिक्षक उनीहरुको व्यक्तिविशेषको शुरुवाती बिन्दुसँगै उनीहरुलाई सहयोग गर्न कुशल हुन्छन्।

SFYC PROFESSIONAL OPTIONS

# रेडी स्टेडी स्कुल!

**के तपाईंको बच्चाहरु चाँडै स्कुल शुरु गर्दैछन् ? के उनीहरु तयार छन् ? के तपाईं तयार हुनुहुन्छ ?**



**तपाईंको बच्चाले उत्साह, उत्सुकता र सिक्न तयार अवस्थामा स्कुल शुरु गरुन् भनेर तपाईंको बच्चाको आत्मविश्वास बढाउन तपाईंलाई सहयोग गर्ने सुझाव।**

Hampshire County Council

hants.gov.uk

## एक तयार बच्चा

म...



- पढ्ने सम्बन्धमा रमाएको, उत्साहित, उत्सुक छु र ममा आत्मविश्वास छ
- मलाई इच्छा लागेका चिजहरुबारे कुरा गर्न खुशी छु
- हरेक दिन सक्रिय रहन्छु
- मलाई मन पर्ने कुनै चिजप्रति एकाग्र हुन सक्छु र छोटो समयका लागि कुनै क्रियाकलापमा एकाग्र हुन सक्छु
- आफ्ना सोच, धारणा र आवश्यकताहरुबारे कुरा गर्न र केही समयका लागि सुन्न सक्छु
- कुनै पनि कुरा चुनौतिपूर्ण भएमा शुरु गर्न र प्रयास गरिरहन इच्छुक हुन्छु
- धेरै प्रकारका गतिविधिहरुप्रति आकर्षित र केही राम्रा सीप तथा ज्ञान लिन सक्छु
- सामान्य छनौट गर्न सक्षम छु
- नयाँ नयाँ अनुभवहरुमा लागेर र गल्ती गर्दै सिक्दै गरेर सिकाईमा जोखिम लिनका लागि तयार छु
- कुनै बेला सहयोग लिएर अरुहरुका आवश्यकतालाई स्वीकार गर्न र पालो कुर्न र सामग्रीहरु साटासाट गर्न शुरु गर्दैछु

## एउटा तयार परिवार

- आफ्नो बच्चासँग खेलेर समय बिताउनुहोस् । उनीहरुलाई सक्रिय र खोजिनीति गर्न उत्साहित गर्नुहोस्, सँगसँगै पत्ता लगाएका नयाँ कुराहरुमा उत्साह बाँड्नुहोस् ।
- आफ्ना बच्चालाई उनीहरुको आवश्यकता, सोचाई र भावनाहरु बताउन प्रेरित गर्नुहोस् । यदि बच्चा बेचैन देखिन्छ भने उनीहरुले सबैभन्दा बढी मन पराउने कुरातर्फ केन्द्रित गर्ने प्रयास गर्नुहोस् ।
- आफ्नो बच्चासँग उनीहरु आकर्षित हुने चिजहरुबारे कुरा गर्न समय छुट्याउनुहोस्
- आफैंलाई सहयोग गर्ने सीपहरु (लुगा लगाउने, चक्कु, काँटा र चम्चा चलाउने, ट्वाइलेट जाने, दिनको दुई पटक ब्रश गर्ने) प्रति उत्साहित गर्नुहोस्
- सँगै रहन र आफूले गरेका कामको बारेमा कुरा गर्न, उपलब्धिहरुमा आनन्द लिनुहोस्
- आफ्ना बच्चालाई अरुसँग घुलमिल हुन र खेल्न प्रेरित गर्नुहोस्
- आफ्नो बच्चालाई आराम गर्न र खेल्न समय दिनुहोस् (स्क्रिन समय घटाएर)
- आफ्नो बच्चाको सुत्ने समय र परिवारको खाना खाने समयका लागि स्पष्ट र नियमित दैनिक तालिका बनाएर त्यसलाई कायम राख्नुहोस्
- हामीले प्रयास र अभ्यास मार्फत कसरी अझ राम्रो गर्न सक्छौं, र केही गडबड भैहाले पनि प्रयास गरिरहनुको महत्व- लचिलो हुनुको महत्वबारे कुरा गर्नुहोस् ।
- आफ्नो बच्चालाई नेतृत्व गर्न र छनौट गर्न अवसर दिनुहोस्

## एउटा तयार स्कुल

- हरेक बच्चाको लागि एक जना कि पर्सन ( मुख्य व्यक्ति) खटाउनुहोस् र हरेक परिवारलाई उनीहरु र उनीहरुको बच्चाको लागि यो भूमिकाको अर्थ के हुन्छ बताउनुहोस्
- परिवारहरुसँग खुला र विश्वासको सम्बन्ध विकास गर्नुहोस्, बच्चाहरुको विकास र सिकाईलाई कसरी सघाउने भन्ने बारे अवधारणाहरु बाँड्नुहोस्
- उच्चस्तरको खेल-आधारित सिकाईको वातावरण दिनुहोस् जो सुरक्षित र समावेशी होस् जहाँ सबै बच्चाहरु हुर्किन सकुन्
- परिवारहरुसँग भेट गर्ने अवसरहरु खोज्नुहोस् र हरेक अनौठो बच्चाको बारेमा जानकारीहरु बाँड्नुहोस्
- हेरचाहको उचित निरन्तरता सुनिश्चित गर्नका लागि सहज परिवर्तन कालमा सहयोग गर्न सशक्त सम्बन्ध बढाउनुहोस् र सबै व्यवस्थापनसँग समन्वय गर्नुहोस्
- चुनौति दिएर, लचकतालाई बढावा दिएर र महत्वाकांक्षा बढाएर हरेक बच्चाका लागि उच्चतम अपेक्षा देखाउनुहोस्
- हरेक बच्चालाई निर्णय गर्न, सिकाईमा आत्मविश्वास प्रदान गर्दै उत्साहित बनाउने, सहभागी गराउने र उत्प्रेरित गराउनुहोस्
- बच्चाहरुलाई नयाँ मित्रहरु बनाउने र सामाजिक कुशलता विकास गर्ने कुरामा सहयोग गर्नुहोस्
- हरेक बच्चाको अलग अलग रुपमा उपलब्धिहरुको ख्याल राख्नुहोस् र आगामी कदमहरुबारे बताउनुहोस्
- वर्षैभरि साथसाथै सिक्ने र रमाउने कुरामा आनन्दित हुनुहोस् ।

